स्थानः बैठक कक्ष

आज मिति २०८३/०२/१२ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्याः १२ (बाह्रौं)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री प्रमोद खनाल | |

मितिः २०८३/०२/१२

आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या १२

प्रस्तावहरु

१. "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ,प्रदेश र स्थानीय तह) सञ्चालन कार्यविधि, २०८३" स्विकृत सम्बन्धमा।
२. अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रममा लागत साझेदारी सम्वन्धमा।
३. योजनाको म्याद थप सम्वन्धमा।
४. योजना सम्झौता सम्बन्धमा।
५. सरुवा सहमति सम्बन्धमा।
६. स्थानिय पाठ्यक्रम स्विकृती सम्वन्धमा।
७. दुर्घटना विमा र घरविमाको लागि प्रस्ताव माग गर्ने सम्वन्धमा।
८. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सम्बन्धमा।
९. Dresscode लागु गर्ने सम्बन्धमा।
१०. विविध।

निर्णयहरु

१. "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ,प्रदेश र स्थानीय तह) सञ्चालन कार्यविधि, २०८३" सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

२. "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम" सञ्चालनका लागि आ.व. २०८३/०८४ तथा २०८४/०८५ मा लाग्ने कुल बजेटमा यस सन्धिखर्क नगरपालिकाको तर्फबाट कम्तीमा २५ प्रतिशत लागत साझेदारी गर्ने, सो अवधिपश्चात पनि उक्त कार्यक्रमलाई निरन्तरता दिने र लुम्बिनी प्रदेश सरकारको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम सम्बन्धी कार्यविधि २०८२ को दफा २७ को उपदफा (२) र (३) बमोजिम आवश्यक संख्यामा समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको व्यवस्था गर्ने भनी प्रतिबद्धता जनाउने निर्णय गरियो।

२०८३/०२/१२



०८३/२/१२

३. निर्माण सामग्री को अभाव भएको भनी ए.जे. बिल्डर्स एण्ड सप्लायर्सले दिएको निवेदन मनासिब देखिएकोले, आ.व. २०८२/८३ अन्तर्गतका ठेक्का नं. NCB/SM/R/P/4/2082/83 (रिठेखोला-रानीपोखरा-माझहटिया-कोट ग्रामीण सडक स्तरोन्नति) र ठेक्का नं. NCB/SM/R/P/3/2082/83 (अलुवा खोला-भलाचौर ग्रामिण सडक स्तरोन्नति) दुवै योजनाको म्याद मिति २०८३ आषाढ २० गतेसम्म थप गर्ने निर्णय गरियो।

४. चालु आ.व. २०८२/८३ का योजना तथा कार्यक्रमहरूको सम्झौता मिति २०८३ जेठ २५ गतेसम्म मात्र गर्ने र सम्झौता भई सञ्चालनमा रहेका योजनाहरूको अन्तिम भुक्तानीका लागि आवश्यक प्रक्रिया पूरा गरी मिति २०८३ असार १५ गतेभित्र कार्यालयमा पेस गरिसक्नुपर्ने निर्णय गरियो।

५. नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहका अमिन श्री रमेश बहादुर खडायत (क.स.नं. २४०५२३) हाल शैल्यशिखर नगरपालिका, दार्चुलामा कामकाज गरिरहेकोमा, निजलाई सोही नगरपालिकामा पदस्थापना हुन यस नगरपालिकाबाट सरुवा सहमति प्रदान गर्ने निर्णय गरियो।

६. यस सन्धिखर्क नगरपालिकाको "स्थानीय पाठ्यक्रम, २०७८" लाई परिमार्जन गरी तयार गरिएको "परिमार्जित स्थानीय पाठ्यक्रम, २०८३" लाई स्वीकृत गर्ने निर्णय गरियो।

७. आगामी आ.व. २०८३/८४ का लागि सन्धिखर्क नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको दुर्घटना बिमा र आगामी आ.व. २०८३/८४ का लागि यस सन्धिखर्क नगरपालिका क्षेत्रभित्र रहेका कच्ची घरहरूको बिमा गर्ने प्रयोजनार्थ इजाजतप्राप्त बिमा कम्पनीहरूबाट प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

८. यस सन्धिखर्क नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत आप्रवासी केन्द्रबाट प्रदान गरिने सूचना तथा परामर्श, वित्तीय साक्षरता, निःशुल्क कानुनी सहायता र सीप विकास तालिम सहजीकरण लगायतका सेवाहरू प्रशासन शाखाको मातहतमा तथा मनोसामाजिक परामर्श सेवा (वैदेशिक रोजगार, घरेलु हिंसा, प्रकोप र विपद् व्यवस्थापनसमेत) स्वास्थ्य शाखाको मातहतमा सञ्चालन गरी सम्बन्धित शाखा प्रमुखसमक्ष प्रगति प्रतिवेदन पेस गर्ने निर्णय गरियो। साथै, अनुगमन तथा सुपरीवेक्षण समितिद्वारा कम्तीमा ३ महिनाको एक पटक अनुगमन गर्ने व्यवस्था मिलाउँदै, वैदेशिक रोजगारीको वर्तमान अवस्थालाई विश्लेषण गरी यसलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाएर सामाजिक लागत न्यूनीकरण गर्न तीनवटै तहका



२०८३।०२।१९

०८३।२।१२

सरकारको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी सेवाहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने निर्णय गरियो।

९. आगामी नगरसभामा यस सन्धिखर्क नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको उपस्थितिलाई मर्यादित र एकरूपता कायम गर्न एकनासको पोसाक (Dress code) लागू गर्ने र सो प्रयोजनका लागि जनप्रतिनिधिहरूलाई पोसाक खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।